# सिभिल लघुवित्त वित्तीय संस्था लि.

चावहिल, काठमाडौं ।

मिति २०७७ साल आषाढ २६ गते शुक्रबार सम्पन्न भएको
आठौं वार्षिक साधारण सभाको निर्णय (माईन्युट) विवरण

१. **प्रारम्भिक :**

सिभिल लघुवित्त वित्तीय संस्था लि. को मिति २०७७/०३/०३ गते बसेको सञ्चालक समितिको १५१औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको आठौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूको सभापतित्वमा पूर्वसूचित विषयहरुमा छलफल र निर्णय भई देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०७७ आषाढ २६ गते शुक्रबार |
| समय | : | विहान ११:०० वजे |
| स्थान | : | होटल अर्किड परिसर, त्रिपुरेश्वर, काठमाडौं |

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०७७/०३/०४ गते आर्थिक अभियान राष्ट्रिय दैनिक र दोश्रो पटक मिति २०७७/०३/१० गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**

कम्पनीको आठौं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, बैकिङ्ग विज्ञहरु तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

४.१ **सञ्चालकहरुको उपस्थिति :**

| | नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १. | श्री सचिन जङ्ग रायमाझी | अध्यक्ष | प्रतिनिधि - सिभिल बैंक लि. |
| २. | श्री प्रसिद्ध राज अर्याल | सञ्चालक | प्रतिनिधि - सिभिल बैंक लि. |
| ३. | श्री सचिन नेवा | सञ्चालक | प्रतिनिधि - सिभिल बैंक लि. |
| ४. | श्री कृष्णप्रसाद अधिकारी | सञ्चालक | सर्वसाधारण समूह |
| ५. | श्री शक्ति बल्लव श्रेष्ठ | सञ्चालक | स्वतन्त्र |
| ६. | श्री विनोद आचार्य | कम्पनी सचिव | |

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

४.२ **पर्यवेक्षक, बैकिङ्ग विज्ञहरु, आमन्त्रित एवं पदाधिकारी :**

| | |
|---|---|
| १. श्री विनोद आचार्य | का.मु. प्रमुख कार्यकारी अधिकृत |
| २. श्री देवकर कार्की | वरिष्ठ प्रबन्धक |
| ३. श्री सुमन कुमार दाहाल | सहायक प्रवन्धक |
| ४. श्री सुवाषमणी बस्ताकोटी | सहायक प्रवन्धक |
| ५. श्री भवानी धिताल | वरिष्ठ अधिकृत |
| ६. श्री कुशल पौडेल | अधिकृत |
| ७. श्री बरुण श्रेष्ठ | कनिष्ठ अधिकृत |
| ८. श्री अंकित रिमाल | कनिष्ठ अधिकृत |
| ९. श्री रोजिना श्रेष्ठ | वरिष्ठ सहायक |
| १०. श्री झनक राज ढुङ्गेल | प्रमुख कार्यकारी अधिकृत, सिभिल क्यापिटल लिमिटेड |
| ११. श्री हिराकाजी बस्नेत | प्रतिनिधि, सिभिल बैंक लिमिटेड |

४.३ **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :

| शेयर तथा शेयरधनी | जम्मा | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कूल प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| **शेयर संख्या** | ११,४१,१४० | ५,८९,५२७ | - | ५,८९,५२७ | ५१.६६ |
| **शेयरधनी संख्या** | २४,०६२ | २८ | - | २८ | ०.११ |

५. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वासलात, मिति २०७५/०४/०१ गते देखि २०७६/०३/३१ गतेसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ दफा ६३ अनुसार आर्थिक वर्ष २०७६/७७ को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक श्री के.वी. चित्रकार एण्ड कम्पनीको समयावधि पुरा भएको)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. ११ करोड ४१ लाख १४ हजारको ५ प्रतिशतले हुन आउने नगद लाभांश रु. ५७ लाख ५ हजार ७ सय (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजन समेतका लागि) वितरण गर्ने प्रस्ताव माथि छलफल गरी पारित गर्ने ।

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

५. संस्थाको नियमावली अनुसार समूह "क" का संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएका सञ्चालकहरुको मनोनयनलाई अनुमोदन गर्ने ।

६. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिबाट पारित भए बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. ११ करोड ४१ लाख १४ हजारको ५ प्रतिशतले हुन आउने रकम रु. ५७ लाख ५ हजार ७ सय बराबरको बोनश शेयर जारी गर्ने ।

२. वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ५ मा (त) (थ) थप गर्ने र दफा ६ (ख) (ग) तथा नियमावलीको नियम २७ (१), (२) क), (८) नियम २८ र नियम २९ (१), (३) मा आवश्यक संशोधन गर्ने सम्वन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

६. **सभाको कारवाही र बैधानिकता :**

सर्वप्रथम कम्पनी सचिव श्री विनोद आचार्यले यस वित्तीय संस्थाको आठौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नुहुँदै साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्या पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेकाले उहाँले सभा सञ्चालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूलाई अनुरोध गर्नुभयो ।

७. **सभापतिज्यूको आसन ग्रहण तथा स्वागत मन्तब्य :**

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो । वित्तीय संस्थाका का.मु. प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले उपस्थित शेयरधनी तथा प्रमुख अतिथि लगायत आमन्त्रित महानुभावहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत गर्नुभयो ।

CL3SL
CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

८. **वार्षिक प्रतिवेदन प्रस्तुति :**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले आठौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. **छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनीहरु :**

(क) **शेयरधनी :**

१) श्री शिव प्रसाद पौडेल
२) श्री डमरु वलल्ब घिमिरे
३) श्री अमिर दास रञ्जीत
४) श्री नारायण बस्नेत

१०. **छलफलमा शेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन् :**

**शेयरधनीको तर्फबाट**

**१. श्री शिव प्रसाद पौडेल :**

श्री शिव प्रसाद पौडेलले संस्थाले पाँच प्रतिशत नगद लाभांश र पाँच प्रतिशत वोनश शेयर दिन सक्षम भएकोमा धन्यबाद दिंदै खुशी व्यक्त गर्नुभयो । साधारण सभा समयमै सम्पन्न गर्न, प्रचलित नियमको पूर्ण पालना हुने गरी महिला सञ्चालकको व्यवस्था गर्न, आफना ग्राहक सदस्यलाई जोगाई राख्न, खर्चमा मितव्ययी रहन तथा कर्मचारीको योगदानको सम्मान गरिनुपर्ने सुझाव दिंदै संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो ।

**२. श्री डमरु वलल्ब घिमिरे :**

श्री डमरु वलल्ब घिमिरेले कोभिड-१९ को कारण साधारण सभा ढिलो भए पनि आयोजना गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यवाद व्यक्त गर्दै संस्थाले प्रदान गरेको लाभांशमा पचाश-पचाश प्रतिशतले नगद लाभांश र वोनश सेयर वितरण गरेकोमा खुशि व्यक्त गर्दै साधारण सभा पौष मसान्त अगावै गर्न सुझाव दिनुभयो । यसैगरी संस्थाको शाखा संख्या तथा कारोवार कम रहेकोले आगामि दिनमा बढी लाभांश वितरण गर्ने गरी शाखा तथा कारोवार वृद्धि गर्न सुझाव दिनुभयो ।

**३. श्री अमिर दास रञ्जीत :**

श्री अमिर दास रञ्जीतले समयमै साधारण सभा सम्पन्न गर्दा संस्थाको साख कायम रहने, लगानीकर्त्तामा बढी प्रतिफलको अपेक्षा रहेको, निष्कृय कर्जा र पूँजी लागतमा वृद्धि भएकोले समयमै व्यवस्थापन गर्नको लागि सुझाव दिनुभयो । यसैगरी खर्चमा मितव्ययी हुन, प्रमुख सूचकाङ्क अन्तर्गतको विगत पाँच वर्षको लाभांश वितरणको तथ्याङ्क प्रस्तुत गर्दा नगद र वोनश लाभांश छुट्टा छुट्टै प्रस्तुत गरी कुल लाभांश दर लेख्दा अझ राम्रो सन्देश जाने सुझाव दिनुभयो ।

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD.

**४. श्री नारायण बस्नेत :**

श्री नारायण बस्नेतले साधारण सभामा आफ्ना भनाई राख्न पाउँदा खुशि लागेको व्यक्त गर्दै संस्थाका प्रगतिलाई ग्राफमा बुझिने गरी प्रस्तुत गरेकोमा राम्रो लागेको तथा संस्थाका सबै प्रगतिका सूचकाङ्कहरु धनात्मक रहेकोमा नाफाको गति भने अरु सूचकाङ्कहरु भन्दा कम दरले वृद्धि भएको विषय व्यक्त गर्नुभयो । यसैगरी संस्थाले ग्राहक पहिचानमा ध्यान दिनु पर्ने तथा बजारबाट पाउने प्रतिफल भन्दा संस्थाले दिने प्रतिफल बढी हुनुपर्ने सुझाव दिनुभयो ।

**११. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री सचिन जङ्ग रायमाझीज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस सिभिल लघुवित्त वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा शेयरधनी महानुभावहरु तथा विज्ञबाट प्रस्तुत गर्नुभएको महत्वपूर्ण सुझाव र जिज्ञाशाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति शेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले साधारण सभामा उठाईएका जिज्ञाशाहरुको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

- साधारण सभा आयोजना समयमै सम्पन्न गर्न लेखापरीक्षण प्रतिवेदन तयार गरी नियामक निकायबाट समयमै स्वीकृत लिइएको भएता पनि गत वर्षको साधारण सभाले स्वीकृत गरेको हकप्रद शेयर निष्काशन प्रयोजनार्थ प्रकृयामा प्राविधिक कारण र कोभिड-१९ को कारण केही समय ढिलो आयोजना हुन गएको हो ।
- गत वर्षमा धेरै शाखा कार्यालय स्थापना भएको कारण सञ्चालन खर्चमा वृद्धि हुन गएको छ । निष्कृय कर्जा गत वर्ष भन्दा वृद्धि भएकोमा सोको समयमा नै व्यवस्थापन गर्न हामी सबै सजग रहेको व्यहोरा अनुरोध गर्दै यसका लागि संस्था भित्र आवश्यक विभिन्न संयन्त्रहरुको गठन तथा परिचालन गरिएको छ ।
- कोभिड-१९ का कारण संस्थाको आर्थिक कारोवारमा असर परेको हुनाले यसले लिने रुपले नै आगामी दिनको प्रतिफलको निर्धारण हुने देखिन्छ ।

तथापि, यस वित्तीय संस्थाको कारोबारमा अझ वृद्धि गरी शेयरधनीहरुलाई आकर्षक एवं उचित प्रतिफल दिन वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको र शेयरधनी महानुभावहरुको उपरोक्त सुझावहरुलाई आगामी दिनमा लागू गर्दै जाने प्रतिवद्धता सञ्चालक समितिको तर्फबाट श्रीमान् अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

**१२. सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित शेयरधनी महानुभावहरुबाट तालि बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

क) **सामान्य प्रस्तावहरु :**

**निर्णय नं. १**

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आ.व. २०७५/७६ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २**

लेखापरीक्षकको प्रतिवेदन सहित २०७६ आषाढ मसान्तसम्मको वासलात, मिति २०७५/०४/०१ गते देखि २०७६/०३/३१ गतेसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचिहरु सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३**

वित्तीय संस्थाको सञ्चालक समितिले सिफारिस गरे बमोजिम आ.ब. २०७६/७७ को लागि श्री आर. के. एशोसियटस्, चार्टर्ड एकाउण्टेण्ट्स लाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण र प्रमाणीकरण पारिश्रमिक स्वरुप कर बाहेक रु. १,२५,०००/- (अक्षरपि: एक लाख पच्चिस हजार मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूंजी रु. ११ करोड ४१ लाख १४ हजारको ५ प्रतिशतले हुन आउने नगद लाभांश रु. ५७ लाख ५ हजार ७ सय (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजन समेतका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५**

समूह "क" का संस्थापक शेयरधनी श्री सिभिल बैक लिमिटेडको तर्फबाट सञ्चालकमा मनोनित भई प्रतिनिधित्व गर्नुहुने श्री सचिन जङ्ग रायमाझी, श्री प्रसिद्ध राज अर्याल र श्री सचिन नेवाको मनोनयन/नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री कृष्णप्रसाद अधिकारी सञ्चालकमा निर्विरोध निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृतबाट जानकारी भयो ।

ख) **विशेष प्रस्ताव :**

**निर्णय नं. १**

सञ्चालक समितिबाट पारित भए बमोजिम २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. ११ करोड ४१ लाख १४ हजारको ५ प्रतिशतले हुन आउने रकम रु. ५७ लाख ५ हजार ७ सय बराबरको बोनश शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

CLBSL

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

**निर्णय नं. २**

वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ५ मा (त) (थ) थप गर्ने र दफा ६ (ख) (ग) तथा नियमावलीको नियम २७ (१), (२) क), (८) नियम २८ र नियम २९ (१), (३) मा आवश्यक संशोधन गर्ने सम्वन्धी विशेष प्रस्तावमा छलफल भई सर्व सम्मतिले पारित गरियो । प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा आवश्यक संशोधन/समायोजन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**प्रवन्धपत्रमा भएको संशोधन**

**दफा-५**

लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :

त. इनवार्ड रेमिट्यान्स (Inward Remittance) को कार्य गर्ने

थ. सर्वसाधारणबाट भारतीय मुद्रा खरिद गर्ने तथा सो मुद्रा बैंक तथा वित्तीय संस्थाहरुलाई मात्र बिक्री गर्ने ।

**दफा ६**

**लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. **२३,३९,३३,७००/- (तेईस करोड उनन्चालीस लाख तेत्तिस हजार सात सय मात्र**) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरले **२३,३९,३३७ (तेईस लाख उनन्चालीस हजार तिन सय सैंतीस**) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) वित्तीय संस्थाको चुक्ता पूँजी **रू. २३,३९,३३,७००/- (तेईस करोड उनन्चालीस लाख तेत्तिस हजार सात सय मात्र**) हुनेछ ।

**नियमावलीमा भएको संशोधन**

**नियम-२७**

**सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।
तर **स्वतन्त्र सञ्चालक**को नियुक्ति समितिले गर्नेछ ।

(२) यस लघु वित्तीय संस्थामा **६** जनाको सञ्चालक समिति हुनेछ सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

क) संस्थापक समूहका शेयरधनीहरु समूह “क” बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना **स्वतन्त्र सञ्चालक** हुनेछन् ।

CL3SL
CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

(८) यस लघुवित्त वित्तीय संस्थाको प्रथम वार्षिक साधारणसभा नभएसम्म र/वा **स्वतन्त्र सञ्चालकको** नियुक्त नभएसम्म लघुवित्त वित्तीय संस्थामा निम्न सञ्चालक रहेको प्रथम समिति रहनेछ :-

**नियम-२८**

**सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या :-**

यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफनो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

तर, **स्वतन्त्र सञ्चालक** र संगठित प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन ।

**नियम-२९**

**व्यवसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**

(१) ऐनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक हुन योग्य भएको व्यक्तिमध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजम समितिले एक जना **स्वतन्त्र सञ्चालक** नियुक्त गर्नेछ ।

(३) **स्वतन्त्र सञ्चालक**को काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ ।

**१३. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने कानूनी सल्लाहकार, शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि., कर्मचारीहरु तथा सम्बद्ध सबै पक्षलाई सभाका सभापतिज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात यस सभाका सभापतिज्यूले दिनको १:०० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

विनोद आचार्य
**कम्पनी सचिव**

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

सचिन जङ्ग रायमाझी
**अध्यक्ष**

२०७७ आषाढ २६ गते शुक्रबार

# सिभिल लघुवित्त वित्तीय संस्था लि.को

## प्रवन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

### तफा ५ (त) (थ) र दफा ६ (ख), (ग)

| दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| दफा-५ | **लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**<br>त. व्यवस्था नभएको<br>थ. व्यवस्था नभएको | **लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**<br>त. इनवार्ड रेमिट्यान्स (Inward Remittance ) को कार्य गर्ने<br>थ. सर्वसाधारणबाट भारतीय मुद्रा खरिद गर्ने तथा सो मुद्रा बैंक तथा वित्तीय संस्थाहरुलाई मात्र बिक्री गर्ने । | रेमिट्यान्स तथा भारतीय मुद्रा खरिद विक्री सम्वन्धि सेवा दिन आवश्यक भएकाले । |
| दफा-६ | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. २२,८२,२८,०००/- (बाइस करोड बयासी लाख अट्ठाइस हजार मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरले २२,८२,२८० (बाइस लाख बयासी हजार दुई सय असि) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. २२,८२,२८,०००/- (बाइस करोड बयासी लाख अट्ठाइस हजार मात्र) हुनेछ । | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रू. २३,३९,३३,७००/- (तेईस करोड उनन्चालीस लाख तेत्तिस हजार सात सय मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरले २३,३९,३३७ (तेईस लाख उनन्चालीस हजार तिन सय सैंतीस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. २३,३९,३३,७००/- (तेईस करोड उनन्चालीस लाख तेत्तिस हजार सात सय मात्र) हुनेछ । | संस्थाले २०७६ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. ११,४१,१४,०००/- को ५ प्रतिशतले हुने रु. ५७,०५,७००/- (सन्ताउन्न लाख पांच हजार सात सय) बराबरको बोनश शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएको ले । |

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

# सिभिल लघुवित्त वित्तीय संस्था लि. को

## नियमावलीको प्रस्तावित संशोधनको तीन महले विबरण

### नियम २७ (१), (२) क), (८) नियम २८ र नियम २९ (१), (३)

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| नियम-२७ | **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर व्यवसायिक विशेषज्ञ सञ्चालकको नियुक्ति समितिले गर्नेछ । | **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(१) सञ्चालकहरुको नियुक्ति वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ ।<br>तर स्वतन्त्र सञ्चालकको नियुक्ति समितिले गर्नेछ । | |
| | (२) यस लघु वित्तीय संस्थामा ६ जनाको सञ्चालक समिति हुनेछ सो समितिमा समुहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :- | (२) यस लघु वित्तीय संस्थामा ६ जनाको सञ्चालक समिति हुनेछ सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :- | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम गर्न । |
| | क) संस्थापक समूहका शेयरधनीहरु समुह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक हुनेछन् ।<br><br>(८) यस लघु वित्त वित्तीय संस्थाको प्रथम वार्षिक साधारणसभा नभएसम्म र/वा व्यावसायिक विशेषज्ञ संचालकको नियुक्त नभएसम्म लघु वित्त वित्तीय संस्थामा निम्न सञ्चालक रहेको प्रथम समिति रहनेछ:- | क) संस्थापक समूहका शेयरधनीहरु समूह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् ।<br><br>(८) यस लघुवित्त वित्तीय संस्थाको प्रथम वार्षिक साधारणसभा नभएसम्म र/वा स्वतन्त्र सञ्चालकको नियुक्त नभएसम्म लघुवित्त वित्तीय संस्थामा निम्न सञ्चालक रहेको प्रथम समिति रहनेछ :- | |

CL3SL
१०
CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD

| | | | |
|---|---|---|---|
| नियम-२८ | **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या :-**<br>यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफनो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर, स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक र संगठित प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन । | **सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्या :-**<br>यस लघुवित्त वित्तीय संस्थाको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफनो नाममा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।<br>तर, स्वतन्त्र सञ्चालक र संगठित प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागु हुने छैन । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम गर्न । |
| नियम-२९ | **व्यावसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(१) ऐनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञहरुको सूचीबाट संचालक हुन योग्य भएको व्यक्तिमध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजम समितिले एक जना स्वतन्त्र व्यवसायिक विशेषज्ञ सञ्चालक नियुक्त गर्नेछ ।<br>(३) व्यवसायिक संचालकको काम, कर्तव्य र अधिकार अन्य संचालक सरह हुनेछ । | **व्यवसायिक सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(१) ऐनले व्यवस्था गरे बमोजिम नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक हुन योग्य भएको व्यक्तिमध्येबाट ऐनको दफा १७ उपदफा (३) बमोजम समितिले एक जना स्वतन्त्र सञ्चालक नियुक्त गर्नेछ ।<br>(३) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ बमोजिम गर्न । |

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD